राष्ट्रिय सतर्कता केन्द्र
सिंहदरबार, काठमाडौं

भ्रष्टाचारजन्य कार्यलाई प्रभावकारी रुपमा नियन्त्रण गर्न तथा भ्रष्टाचार विरुद्ध जनचेतना अभिवृद्धि गर्न प्रधानमन्त्रीको प्रत्यक्ष रेखदेख र नियन्त्रणमा रहने गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३७ बमोजिम मिति २०५९ साउन २७ गते स्थापना भएको राष्ट्रिय सतर्कता केन्द्र २५औं वर्षमा प्रवेश गरेको छ। सो अवसरमा यस केन्द्रबाट आ. व. २०८२/८३ मा सम्पादित कार्यहरु समेटेर तयार पारिएको बार्षिक प्रतिवेदन श्रीमान मुख्य सचिवज्यू मार्फत सम्माननीय प्रधानमन्त्रीज्यू समक्ष पेश गरिएको छ। साथै, सचेतनामूलक स्टिकरको सार्वजनिकरण र सार्वजनिक सेवा सन्तुष्टि मापन फारमको QR Code सञ्चालनमा ल्याइएको छ।

यस अवसरमा राष्ट्रिय सतर्कता केन्द्र भ्रष्टाचार नियन्त्रण, सुशासन प्रवर्द्धन तथा सार्वजनिक प्रशासनमा सदाचार, पारदर्शिता र जवाफदेहिता अभिवृद्धिका लागि निरन्तर सहयोग तथा सहकार्य गर्दै आउनुभएका सम्पूर्ण सरोकारवाला निकाय, पदाधिकारी, कर्मचारी, नागरिक समाज, सञ्चारकर्मी तथा आम नागरिकप्रति हार्दिक आभार तथा शुभकामना व्यक्त गर्दछ।

आर्थिक वर्ष २०८२/८३ मा केन्द्रमा नयाँ प्राप्त भएका २ हजार १ सय ३७ तथा आर्थिक वर्ष २०८१/८२ बाट जिम्मेवारी सरी आएका ४ सय २९ समेत गरी जम्मा २ हजार ५ सय ६६ उजुरीमध्ये १ हजार ८ सय ५४ (७२%) उजुरी फछ्र्यौट भएका छन्। भ्रष्टाचार तथा अनियमितता सम्बन्धी प्राप्त सूचनाको छानबिन तथा उजुरी फछ्र्यौटलाई केन्द्रले मुख्य प्राथमिकतामा राख्दै आएको छ।

केन्द्रले दैनिक रुपमा आचारसंहिताको पालना, फाइल ट्र्याकिङ्ग, सवारी साधन प्रयोगको अवस्था, विचौलियाको नियन्त्रण, सेवा प्रवाहको अवस्था लगायतका विषयमा अनुगमन, छड्के तथा निगरानी गर्दै आइरहेको छ। सो क्रममा विमानस्थल प्रवेश पास, काठमाडौं उपत्यका नदी किनारका जग्गा अतिक्रमण सम्बन्धमा उपत्यका भित्रका नापी कार्यालय र नापी कार्यालय, काभ्रेपलाञ्चोकबाट नक्सा तथा सम्बद्ध कागजात माग गरी सम्बन्धित निकायमा पठाइएको छ। त्यसैगरी, झापादेखि कञ्चनपुरसम्मका अधिकांश कार्यालयहरुबाट गरिएका काम कारवाही र सेवा प्रवाहको विशेष सुक्ष्म निगरानी तथा छड्के गरी निर्देशन दिनुका साथै सम्बन्धित कर्मचारी तथा पदाधिकारीलाई कारबाहीको लागि सम्बन्धित अख्तियारवालसमक्ष लेखी पठाइएको छ। जसमा आ.व.२०८२/८३ को कुल १,५७७ कार्यालयको अनुगमन, छड्के तथा निगरानी गरी समय पालना नगर्ने ९,६९७ र तोकिएको पोशाक नगलाउने १,४०४ गरी जम्मा ११,१०१ जनालाई कारबाहीका लागि सम्बन्धित निकायमा लेखी पठाइएको छ।

प्राविधिक परीक्षणको आवश्यकता तथा महत्वबारे प्राविधिक जनशक्तिमा सचेतना अभिवृद्धि गर्ने उद्देश्यले विराटनगर, जनकपुरधाम, धुलिखेल, पोखरा, भैरहवा, वीरेन्द्रनगर र धनगढीमा ८ सय २८ जना इन्जिनियरको सहभागितामा सचेतनामूलक कार्यक्रम सम्पन्न भएका छन्। यस अवधिमा राष्ट्रिय गौरवका तथा अन्य महत्वपूर्ण आयोजनातर्फ प्राविधिक परीक्षण सम्पन्न गरिएको छ। परीक्षणका क्रममा पहिचान

भएका कैफियत तथा अपरिपालनाका विषय सुधारका लागि सम्बन्धित निकायमा Non-Conformance Report (NCR) सहित लेखी पठाइएको छ।

नियमित अनुगमन गरिएका १८४ आयोजना र प्राविधिक परीक्षण गरिएका ६ आयोजनाहरूको कार्यान्वयनका क्रममा रहेका कमी– कमजोरी तथा जोखिम पहिचानले समयमै सुधार गर्न सहयोग पुग्नुका साथै आयोजना व्यवस्थापनमा पारदर्शिता, गुणस्तर, जवाफदेहिता तथा प्रभावकारिता अभिवृद्धि हुने विश्वास केन्द्रले लिएको छ।

सार्वजनिक जवाफदेहिताको पदमा रहेका व्यक्तिले आफू तथा आफ्नो परिवारको नाममा रहेको सम्पत्ति विवरण तोकिएको समयभित्र पेस गर्नुपर्ने कानुनी व्यवस्थाको प्रभावकारी कार्यान्वयनमा केन्द्रले विशेष प्राथमिकता दिँदै आएको छ। सोही क्रममा आर्थिक वर्ष २०८१/८२ मा ७ लाख ६७ हजार ३३ जनाले सम्पत्ति विवरण पेस गरेका तथा ५ हजार २ सय ६५ जनाले पेस नगरेको पाइएको छ। विगतका आर्थिक वर्ष तथा उपलब्ध तथ्यांकको विश्लेषण गर्दा सम्पत्ति विवरण पेस गर्नेको सङ्ख्यामा क्रमिक वृद्धि हुँदै आएको देखिन्छ। सार्वजनिक पद धारण गरेका सबै पदाधिकारी तथा कर्मचारीलाई तोकिएको समयभित्र सम्पत्ति विवरण पेस गर्ने कानुनी दायित्वबारे थप सचेत गराउँदै सम्पत्ति विवरण पेस गर्ने कार्यलाई अझ प्रभावकारी बनाउनेतर्फ केन्द्र निरन्तर क्रियाशील रहेको छ।

भ्रष्टाचारजन्य क्रियाकलापको रोकथाम तथा नियन्त्रणका लागि जनस्तरमा सचेतना अभिवृद्धि गर्ने उद्देश्यले जिल्लास्तरमा भ्रष्टाचारविरुद्धका सचेतनामूलक तथा स्थानीय तहका पदाधिकारी एवं कर्मचारीका लागि सदाचार शिक्षा सम्बन्धी कार्यक्रम सञ्चालन गरिएका छन्। यस्ता कार्यक्रममार्फत सार्वजनिक पदाधिकारी तथा कर्मचारीमा नैतिकता, सदाचार, जवाफदेहिता र भ्रष्टाचारविरुद्धको चेतना अभिवृद्धि गर्दै भ्रष्टाचार रोकथाम तथा सुशासन प्रवर्द्धनमा योगदान पुग्ने अपेक्षा गरिएको छ।

अन्त्यमा, यस केन्द्रबाट सम्पादन भइरहेका कार्य एवं आगामी दिनमा गर्नुपर्ने सुधारका सम्बन्धमा आवश्यक सुझाव दिनु हुन सम्पूर्ण महानुभावहरूमा हार्दिक अनुरोध छ।

मिति २०८३/०४/२७

नारायण प्रसाद भट्ट
प्रवक्ता/सहसचिव
राष्ट्रिय सतर्कता केन्द्र
सिंहदरबार, काठमाडौं।

नेपाल सरकार राष्ट्रिय सतर्कता केन्द्र सिंहदरबार, काठमाडौं